**प्रशासन** असार २०८१, वर्ष ५६, अङ्क २, पूर्णाङ्क १४०, १७-३०
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v56i2.75326
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# मौलिक हकको कार्यान्वयनमा प्रदेश सरकारको भुमिका र चुनौतीहरु

निराजन शर्मा‡

## लेखसार

प्रस्तुत लेख नेपालमा मौलिक हकको कार्यान्वयनमा प्रदेश सरकारहरूको रचनात्मक भूमिका र चुनौतीको पहिचान गर्ने विषयमा केन्द्रित छ। नेपालको संविधानमा उल्लेखित मौलिक हकको कार्यान्वयन सुनिश्चित गर्नु तथा नागरिकलाई ती अधिकारको उपयोग गर्न सक्षम बनाउनु राज्यको प्रमुख दायित्व हो। उक्त कुरालाई प्रस्तुत गर्नु नै लेखको उद्देश्य रहेको छ। सङ्घीय संरचनाभित्र सङ्घीय सरकारजस्तै प्रदेश सरकार र स्थानीय सरकारको पनि मौलिक हक कार्यान्वयनमा महत्वपूर्ण भूमिका रहन्छ। प्रदेश सरकारले स्थानीय आवश्यकताहरूको पहिचान गरी कानून निर्माण, संस्थागत संरचना सुधार, स्रोत साधनको प्रभावकारी परिचालन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यहरू मार्फत मौलिक हकको कार्यान्वयनलाई सुनिश्चित गर्न सक्छ। प्रदेशहरू बिच स्रोत र क्षमताको असमान वितरण, राजनीतिक इच्छाशक्तिको अभाव तथा अन्य संरचनागत सीमितताहरू प्रमुख चुनौतीका रूपमा रहेका छन्। ती चुनौतीहरू समाधान गर्न प्रदेश सरकारको संस्थागत क्षमता अभिवृद्धि, स्रोत साधनको न्यायोचित वितरण, थप अधिकार र जिम्मेवारी प्रत्यायोजन, अनुभव आदानप्रदान तथा नियमित अनुगमन अपरिहार्य छ। नेपालले अन्य सङ्घीय मुलुकहरूको अनुभवलाई आत्मसात गर्दै आफ्नो सन्दर्भ अनुरूप मौलिक हक कार्यान्वयन रणनीति विकास गर्न सके मात्र संविधानले परिकल्पना गरेको समतामूलक र न्यायपूर्ण समाजको निर्माण सम्भव हुने छ। तसर्थ उक्त कुराको पहिचान, समास्याको समाधान गर्ने मार्ग निर्माण तथा सुझावसमेत प्रस्तुत गरिएकाले प्रस्तुत लेखको औचित्य रहेको छ।

---

‡ *उपरजिष्ट्रार, सर्वोच्च अदालत*

*इमेलः sharmanirajan1987@gmail.com*

***शब्दकुञ्जी:*** नैसर्गिक, सार्वभौमिक, सङ्घीयता, समाजवाद, संशोधन (Unalienable, Sovereignty, Federalism, Socialism, and Amendment)।

## पृष्ठभूमि

संविधानको प्रमुख उद्देश्य नागरिकका आधारभूत हक अधिकार सुनिश्चित गर्नु हो। त्यसैले, संविधानले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभूति गर्ने आवश्यक कानुनी व्यवस्था प्रदान गरेको हुन्छ। नेपालमा मौलिक हकको प्रारम्भ नेपाल सरकार वैधानिक कानुन, २००४ बाट भएको थियो, जसपछि संवैधानिक विकास निरन्तरता पाइरहेको छ। हालको नेपालको संविधानले नागरिकका राजनीतिक अधिकार तथा विकास अधिकारको सुनिश्चितताका लागि कुल ३१ वटा मौलिक हकको व्यवस्था गरेको छ।

मौलिक हक संविधानको आधारभूत संरचना हो, जसले जनताको मूलभूत अधिकार सुनिश्चित गर्छ। भारतीय संविधानको व्याख्याका क्रममा केशवानन्द भारती बनाम केरल सरकार मुद्दामा मौलिक हकको आधारभूत संरचना सिद्धान्तको विकास भएको हो। यस व्याख्याले मौलिक हकलाई अहरणीय (unalienable) अधिकारका रूपमा परिभाषित गर्दै संसदले तिनलाई संशोधन गर्न सक्ने तर पूर्ण रूपमा नष्ट गर्न वा रद्द गर्न नसक्ने निष्कर्ष निकालेको छ। यही सिद्धान्तलाई आत्मसात गर्दै, नेपालको संविधानको धारा १३३ र १४४ मा मौलिक हकमा अनुचित बन्देज लगाइएमा तिनको संरक्षणका लागि रिट जारी गर्न सकिने कानुनी व्यवस्था गरिएको छ।

## मानव अधिकार र मौलिक हकका बिचको भिन्नता

मानव अधिकार भन्नाले सबै व्यक्तिले जन्मजात प्राप्त गर्ने अधिकारलाई बुझाउँछ, जुन सार्वभौमिक हुन्छ। *मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८* (Universal Declaration of Human Rights, 1948) यस्ता अधिकारहरूको प्रमुख दस्तावेज हो।

मौलिक हक भने कुनै विशेष राष्ट्रको संविधानद्वारा प्रत्याभूत गरिएका नागरिकका आधारभूत अधिकार हुन्। यी अधिकारहरू राष्ट्रिय कानुनी प्रणालीको अभिन्न अङ्गका रूपमा स्थापित हुन्छन्। मौलिक हकअन्तर्गत नागरिक तथा राजनीतिक अधिकार, सामाजिक तथा सांस्कृतिक अधिकार, वातावरणीय अधिकार, र विकाससम्बन्धी अधिकारहरू समावेश हुन्छन्।

प्रोफेसर जेम्स निकेलका अनुसार, "मानव अधिकारहरू नैतिक दाबीहरू हुन्, जबकि मौलिक हकहरू कानुनी रूपमा लागू गर्न सकिने अधिकारहरू हुन्।" त्यसैगरी, नोबेल पुरस्कार विजेता अर्थशास्त्री डा. अमर्त्य सेनले भनेका छन्, "मानव अधिकारहरू सार्वभौमिक नैतिक मापदण्ड हुन्, जबकि मौलिक हकहरू

राज्यको संवैधानिक ढाँचामा आधारित हुन्छन्।" यी विचारहरूले मानव अधिकारको विश्वव्यापी प्रकृति र मौलिक हकको राष्ट्र-विशिष्ट प्रकृतिलाई स्पष्ट पार्छ।

## मौलिक हकको विकासक्रम

मौलिक हकको अवधारणाको सुरुवात प्राचीन ग्रीस र रोमबाट भएको मानिन्छ, जहाँ नागरिकका केही आधारभूत अधिकारहरूको विकास भएको थियो। आधुनिक अर्थमा मौलिक हकको विकास *म्याग्ना कार्टा, १२१५* बाट भएको मानिन्छ। यसले नागरिकलाई स्वेच्छाचारी रूपमा पक्राउ गर्न नपाइने व्यवस्था ल्याएको थियो, जसले आजको निवारक नजरबन्द (preventive detention) विरुद्धको अधिकारको जग बसाल्यो।

सन् १६८८ मा बेलायतमा भएको *गौरवमय क्रान्ति (Glorious Revolution)* ले निरंकुश राजतन्त्रलाई संविधानको अधीनमा ल्यायो। त्यसैगरी, अमेरिकी स्वतन्त्रता संग्राम (1776) र फ्रान्सेली राज्य क्रान्ति (1789) ले नागरिक हकका क्षेत्रमा नयाँ आयाम थपे। यी क्रान्तिहरूको प्रभावस्वरूप बेलायतको *Bill of Rights (1689)*, अमेरिकाको *Bill of Rights (1791)*, र फ्रान्सको *Declaration of the Rights of Man and of the Citizen (1789)* विकसित भए, जसले मौलिक हकको सिद्धान्तलाई मजबुत बनायो।

## मौलिक हक र यसको विकास

कानुनविद् भीमार्जुन आचार्यले *Fundamental Rights in the World Constitution* ग्रन्थमा १३५ देशका संविधानको तुलनात्मक अध्ययन गरेका छन्। सो अध्ययनअनुसार सन् १९५० भन्दा अघिका संविधानहरूमा मौलिक हक उल्लेख नपाइएको भए पनि त्यसपछिका अधिकांश संविधानमा मौलिक हकको व्यवस्था गरिएको पाइन्छ। भारतको संविधानमा छवटा मौलिक अधिकारको व्यवस्था गरिएको छ। पछिल्लो समयमा नागरिक तथा राजनीतिक अधिकारसँगै आर्थिक र सामाजिक अधिकारलाई पनि मौलिक हकका रूपमा समावेश गर्ने प्रवृत्ति बढ्दै गएको छ।

२१औं शताब्दीमा मौलिक हकको अवधारणा नयाँ चुनौतीहरूसँग विकसित भइरहेको छ। डिजिटल अधिकार, गोपनीयताको अधिकार तथा स्वच्छ वातावरणको अधिकारजस्ता नयाँ क्षेत्रहरू उदय भइरहेका छन्। साथै, विश्वव्यापीकरण र प्रविधिको तीव्र विकासले मौलिक हकको कार्यान्वयन र संरक्षणमा थप चुनौतीहरू सिर्जना गरेका छन्।

## नेपालको संविधानमा मौलिक हक

नेपाल सरकार वैधानिक कानुन, २००४ ले मौलिक हकलाई नागरिक कर्तव्यसँग जोडेको थियो। त्यसयता भएका संवैधानिक विकासक्रमले मानव अधिकारका पाँच पुस्तालाई समेट्दै नागरिक सर्वोच्चता स्थापित गर्ने प्रयास गरेको छ। वर्तमान नेपालको संविधानको धारा १६ देखि धारा ४६ सम्म ३१ वटा मौलिक हक समेटिएका छन्।

यस संविधानले नागरिक तथा राजनीतिक अधिकारका साथै सामाजिक, आर्थिक, र सांस्कृतिक अधिकारलाई समेत मौलिक हकअन्तर्गत समेटेको छ। साथै, न्यायिक सक्रियताको आधारमा सार्वजनिक सरोकारका विवादहरूमा मान्यता पाएका मानव अधिकारका तेस्रो पुस्ताका अधिकारलाई समेत मौलिक हकका रूपमा स्थापित गरेको छ।

नेपालको संविधानमा उल्लेख गरिएका मौलिक हकहरू निम्नानुसार छन्ः

१. **सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६)**
प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ। साथै, कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाउन नपाइने व्यवस्था हुने छ।

२. **स्वतन्त्रताको हक (धारा १७)**
प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, साथै नेपालको कुनै पनि भागमा पेशा, रोजगार, उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रता हुने छ।

३. **समानताको हक (धारा १८)**
सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन् र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन। जातीय, लैंगिक, वर्गीय, क्षेत्रीय, भाषिक, शारीरिक अवस्था, आर्थिक अवस्था, वा अन्य आधारमा भेदभाव नगर्ने छन्। साथै, समान कामका लागि समान पारिश्रमिक र पैतृक सम्पत्तिमा छोरा-छोरीको समान अधिकार हुने छ।

४. **सञ्चारको हक (धारा १९)**
पूर्ण प्रेस स्वतन्त्रता ग्यारेन्टी गरिएको छ।

५. **न्यायसम्बन्धी हक (धारा २०)**

न्यायका मान्य सिद्धान्तहरूको आत्मसात गर्दै आरोपित व्यक्तिको मानव अधिकारको रक्षा गरिने छ। स्वच्छ सुनुवाइको सिद्धान्त, दोहोरो खतराको सिद्धान्त, मौन रहने हक (Right to Silence), तथा निःशुल्क कानुनी सहायता प्राप्त गर्ने हक सुनिश्चित गरिने छ।

६. **अपराध पीडितको हक (धारा २१)**

अपराध पीडितलाई सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय प्राप्त गर्ने हक हुने छ।

७. **यातना विरुद्धको हक (धारा २२)**

पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने छैन। यदि यातना दिइएमा पीडितले कानुनबमोजिम क्षतिपूर्ति प्राप्त गर्ने हक हुने छ।

८. **निवारक नजरबन्द विरुद्धको हक (धारा २३)**

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कुनै व्यक्तिलाई निवारक नजरबन्दमा राख्न पाइने छैन।

९. **छुवाछूत तथा भेदभाव विरुद्धको हक (धारा २४)**

कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन। कार्यस्थलमा कुनै प्रकारको भेदभाव नगर्ने र त्यस्तो गरेमा कानुन बमोजिम दण्डनीय हुने छ।

१०. **सम्पत्तिको हक (धारा २५)**

प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ।

११. **धार्मिक स्वतन्त्रताको हक (धारा २६)**

प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्म अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने छ। कसैले कसैको धर्म परिवर्तन गराउन वा अरूको धर्ममा खलल पार्ने काम गर्न नपाइने छ। त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने छ।

१२. **सूचनाको हक (धारा २७)**

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ।

१३. **गोपनीयताको हक (धारा २८)**

कुनै पनि व्यक्तिको जीवन, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी गोपनीयता कानुन बमोजिम बाहेक अविच्छेद्य हुने छ।

१४. **शोषण विरुद्धको हक (धारा २९)**

कसैले पनि शारीरिक, मानसिक वा यौनजन्य शोषण गर्न नपाइने छ। त्यस्तो व्यवहार कानुनी रूपमा दण्डनीय हुने छ।

१५. **स्वच्छ वातावरणको हक (धारा ३०)**

प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ। प्रदूषणका कारण क्षति पुगेका व्यक्तिहरूले कानुनीबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ।

१६. **शिक्षासम्बन्धी हक (धारा ३१)**

प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ। आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने छ। माध्यमिक तहको शिक्षा पनि निःशुल्क हुने छ, र नागरिकलाई आफ्नै मातृभाषामा शिक्षा प्राप्त गर्ने हक हुने छ।

१७. **भाषा तथा संस्कृतिको हक (धारा ३२)**

प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने तथा आफ्नै समुदायको सांस्कृतिक जीवनमा सहभागी हुने हक हुने छ।

१८. **रोजगारीको हक (धारा ३३)**

प्रत्येक नागरिकलाई रोजगारीको हक हुने छ। साथै, रोजगारी छनोट गर्ने स्वतन्त्रता रहने छ।

१९. **श्रमको हक (धारा ३४)**

प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने छ। साथै, योगदानमा आधारित सामाजिक सुरक्षाको हक, ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्ने हक हुने छ।

२०. **स्वास्थ्यसम्बन्धी हक (धारा ३५)**

प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, आफ्नो स्वास्थ्य उपचार सम्बन्धी जानकारी पाउने, स्वास्थ्य सेवामा समान पहुँच राख्ने तथा स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको हक हुने छ।

२१. **खाद्यसम्बन्धी हक (धारा ३६)**

प्रत्येक नागरिकलाई खाद्य अभावका कारण जीवन जोखिममा नपर्ने हक हुने छ। साथै, प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हक हुने छ।

२२. **आवासको हक (धारा ३७)**

प्रत्येक नागरिकलाई उपयुक्त आवास प्राप्त गर्ने हक हुने छ।

२३. **महिलाको हक (धारा ३८)**

प्रत्येक महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हक, महिला हिंसाविरुद्धको हक, समानुपातिक तथा समावेशी सिद्धान्तअनुसार सहभागी हुने हक हुने छ। साथै, सम्पत्ति तथा पारिवारिक मामिलामा पति-पत्नीलाई समान हक हुने छ।

२४. **बालबालिकाको हक (धारा ३९)**

प्रत्येक बालबालिकालाई नामकरण तथा जन्मदर्ता गराउने हक, व्यक्तित्व विकासको हक, बालमैत्री वातावरणमा हुर्कने हक, बाल-अनुकूल न्यायको हक तथा बालस्वास्थ्य विकासको हक हुने छ।

२५. **दलितको हक (धारा ४०)**

राज्यका सबै निकायमा दलित समुदायलाई समानुपातिक तथा समावेशी सिद्धान्तअनुसार सहभागी गराउने हक हुने छ। साथै, शिक्षा, स्वास्थ्य, सम्पत्तिलगायतका क्षेत्रमा आवश्यक सहायता प्राप्त गर्ने हक हुने छ।

२६. **ज्येष्ठ नागरिकको हक (धारा ४१)**

ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने छ।

२७. **सामाजिक न्यायको हक (धारा ४२)**

सामाजिक रूपमा पछाडि परेका, बहिष्करणमा परेका तथा बञ्चित गरिएका व्यक्तिहरूलाई समावेशी सिद्धान्तअनुसार राज्यका निकायमा सहभागी गराउने हक हुने छ।

२८. **सामाजिक सुरक्षाको हक (धारा ४३)**

आर्थिक रूपमा विपन्न, अशक्त, असहाय, एकल महिला, अपांगता भएका व्यक्ति, बालबालिका, आफ्नै हेरचाह गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुने छ।

२९. **उपभोक्ताको हक (धारा ४४)**
प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ। गुणस्तरहीन वस्तु वा सेवाका कारण क्षति पुगेमा पीडितले कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ।

३०. **देश निकाला विरुद्धको हक (धारा ४५)**
कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन।

३१. **संवैधानिक उपचारको हक (धारा ४६)**
यस भागमा उल्लेखित हकहरूको कार्यान्वयनका लागि कानुनबमोजिम संवैधानिक उपचार प्राप्त गर्ने हक हुने छ।

## सङ्घीय संरचनामा मौलिक हकको कार्यान्वयन

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने दायित्व राज्यको हुने व्यवस्था नेपालको संविधानले गरेको छ। संविधानले नेपाल राज्यको मूल संरचनालाई सङ्घ, प्रदेश, र स्थानीय तहमा विभाजन गर्दै राज्यशक्तिको बाँडफाँट तीनै तहमा गरिसकेको छ। यस व्यवस्थाले नागरिकका मौलिक हकसहितका मानव अधिकारको सम्मान, संरक्षण, र परिपूर्तिमा तीनै तहका सरकारहरू जिम्मेवार हुनुपर्ने अवस्थाको स्वतः सिर्जना गरेको छ।

सङ्घीयतामा सङ्घीय सरकारको भूमिका मौलिक हकको कार्यान्वयनमा केन्द्रीय र समन्वयकारी रहन्छ। यसले राष्ट्रिय नीति, कानुन, र मापदण्डहरू तय गरी मौलिक हकको कार्यान्वयनको ढाँचा प्रदान गर्दछ। सङ्घीय सरकारले मौलिक हकसम्बन्धी ऐनहरू पारित गर्ने, राष्ट्रिय बजेटमा आवश्यक रकम विनियोजन गर्ने, र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको पालना सुनिश्चित गर्ने जस्ता कार्यहरू गर्दछ।

प्रदेश सरकारहरूले आफ्नो क्षेत्राधिकारभित्र मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गर्न, कार्यक्रमहरू तय गर्न, र तिनको कार्यान्वयन गर्न सक्छन्। जस्तै, शिक्षाको हक कार्यान्वयन गर्न प्रदेशले आफ्नो क्षेत्रको भाषा र संस्कृति अनुरूप पाठ्यक्रम विकास गर्न सक्छ, साथै स्वास्थ्यको हक सुनिश्चित गर्न प्रादेशिक अस्पतालहरूको स्थापना तथा सञ्चालन गर्न सक्छ।

स्थानीय तहको भूमिका मौलिक हकको प्रत्यक्ष कार्यान्वयनमा अत्यन्त महत्त्वपूर्ण हुन्छ। स्थानीय तह नागरिकसँग सबैभन्दा नजिक हुने भएकाले उनीहरूको आवश्यकताअनुसार नीति तथा कार्यक्रमहरू बनाउन सक्छ। उदाहरणका लागि आवासको हक कार्यान्वयन गर्न स्थानीय तहले सुकुम्बासी तथा

विपन्न वर्गका लागि आवास निर्माण कार्यक्रम सञ्चालन गर्न सक्छ। खाद्य सुरक्षाको हक सुनिश्चित गर्न स्थानीय कृषि उत्पादन प्रवर्द्धन कार्यक्रमहरू लागू गर्न सक्छ। शिक्षाको हक कार्यान्वयन गर्न विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्न सक्छ।

## अन्य देशहरूको अनुभव

**(क) भारत**

भारतमा राज्य सरकारहरूले मौलिक हक कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। केरला राज्यले शिक्षाको हक तथा स्वास्थ्यको हक कार्यान्वयनमा उल्लेखनीय सफलता हासिल गरेको छ। तमिलनाडु राज्यले खाद्य सुरक्षाको हक सुनिश्चित गर्न सार्वजनिक वितरण प्रणालीलाई प्रभावकारी बनाएको छ।

**(ख) जर्मनी**

जर्मनीमा प्रान्तहरू (Länder) लाई मौलिक हक कार्यान्वयनमा व्यापक अधिकार दिइएको छ। बाभेरिया प्रान्तले वातावरणीय हक संरक्षणका लागि कठोर कानुन तथा नीति लागू गरेको छ। नोर्डराइन-वेस्टफालेन प्रान्तले आप्रवासीहरूको हक संरक्षणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरेको छ।

**(ग) क्यानडा**

क्यानडामा प्रान्तहरूलाई मौलिक हक कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका दिइएको छ। अन्टारियो प्रान्तले मानव अधिकार आयोग स्थापना गरी भेदभावविरुद्धको हक संरक्षणमा उल्लेखनीय कार्य गरेको छ। ब्रिटिश कोलम्बिया प्रान्तले आदिवासी जनताको हक संरक्षणका लागि विशेष कानुन तथा कार्यक्रमहरू लागू गरेको छ।

## मौलिक हकको कार्यान्वयनमा प्रदेश सरकारको भूमिका

नेपालको संविधानले नेपाल राज्यको संरचनालाई सङ्घ, प्रदेश, र स्थानीय तह गरी तीन तहमा विभाजन गर्दै राज्यशक्तिको बाँडफाँटसमेत गरेको छ। यस्तो संरचनामा विगतमा जस्तो केन्द्रीय सरकार मात्र नभई प्रदेश सरकार तथा स्थानीय सरकार पनि नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि जिम्मेवार हुन आवश्यक छ।

यो प्रणालीले प्रत्येक तहलाई आफ्ना अधिकार तथा जिम्मेवारीको व्यवस्थापन गर्न र स्थानीय तहमा निर्णय लिने अवसर प्रदान गर्न प्रोत्साहित गर्दछ। नेपालमा सङ्घीय संरचनाअनुसार मौलिक हकको

कार्यान्वयन एक जटिल तथा बहुआयामिक प्रक्रिया हो, जसमा प्रदेश सरकारको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ।

विभिन्न सङ्घीय मुलुकहरूको अनुभवले देखाएको छ कि प्रदेश सरकारहरूले स्थानीय परिवेशअनुकूल नीति तथा कार्यक्रम तर्जुमा गरी मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउन सक्छन्। प्रदेश सरकारहरूको स्थानीय आवश्यकता बुझ्ने क्षमता, लचिलोपन, र नवीन प्रयोगहरू गर्ने सामर्थ्य ले मौलिक हक कार्यान्वयनमा महत्त्वपूर्ण योगदान दिन सक्छ।

**प्रदेश सरकारको भूमिका**

१. प्रदेश सरकारहरूले सङ्घीय कानुनको परिधिभित्र रही मौलिक हक कार्यान्वयनका लागि प्रादेशिक कानुनहरू निर्माण गर्न सक्छन्। उदाहरणका लागि, भारतको महाराष्ट्र राज्यले शिक्षाको हक कार्यान्वयनका लागि विशेष कानुन बनाएको छ।

२. प्रदेश सरकारहरूले आफ्नो क्षेत्रका विशिष्ट आवश्यकताअनुसार मौलिक हक कार्यान्वयनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्न सक्छन्। जस्तै, क्यानडाको क्युबेक प्रान्तले भाषा तथा संस्कृतिको हक संरक्षणका लागि विशेष कार्यक्रम लागू गरेको छ।

३. प्रदेश सरकारहरूले मौलिक हक कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना स्थापना गर्न सक्छन्। जस्तै, जर्मनीका विभिन्न प्रान्तहरूमा मानव अधिकार कार्यालय स्थापना गरिएका छन्।

४. प्रदेश सरकारहरूले मौलिक हक कार्यान्वयनका लागि आवश्यक वित्तीय तथा मानवीय स्रोत परिचालन गर्न सक्छन्। अस्ट्रेलियाको भिक्टोरिया राज्यले मानव अधिकार संरक्षणका लागि छुट्टै बजेट विनियोजन गरेको उदाहरण उल्लेखनीय छ।

५. प्रदेश सरकारहरूले आफ्नो क्षेत्रमा मौलिक हक कार्यान्वयनको अवस्थाको नियमित अनुगमन तथा मूल्यांकन गर्न सक्छन्। स्विट्जरल्यान्डका क्यान्टनहरूले मानव अधिकार स्थितिको वार्षिक प्रतिवेदन प्रकाशन गर्ने परिपाटी अपनाएका छन्।

६. प्रदेश सरकारहरूले सङ्घीय सरकार, स्थानीय तह तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गरी मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउन सक्छन्। अमेरिकाका राज्यहरूले सङ्घीय सरकारसँग सहकार्य गरी मतदान अधिकार संरक्षणका कार्यक्रमहरू सञ्चालन गरेका उदाहरण प्रशंसनीय छन्।

**प्रदेश सरकारका चुनौतीहरू**

नेपालको संविधानको धारा ५६ मा सङ्घ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित तथा सर्वाङ्गीण विकासको साथै मानव अधिकार तथा मौलिक हक संरक्षण गर्नुपर्ने व्यवस्था छ। प्रदेशहरूबिच क्षमता तथा स्रोत साधनको असमान वितरण तथा राजनीतिक इच्छाशक्तिको अभावका कारण मौलिक हक कार्यान्वयनमा प्रदेश सरकारहरूले विभिन्न चुनौतीहरू भोगिरहेका छन्। ती चुनौतीहरू निम्नानुसार छन्:

- **बजेट अभाव:** प्रदेश सरकारको सीमित बजेटका कारण मौलिक हकहरूको पूर्ण कार्यान्वयन गर्न कठिन हुन्छ। उदाहरणका लागि शिक्षाको हक सुनिश्चित गर्न विद्यालय तथा शिक्षकहरूको पर्याप्त व्यवस्था गर्नुका साथै स्वास्थ्यको हक कार्यान्वयन गर्न अस्पताल, उपकरण तथा जनशक्तिको प्रबन्ध गर्न ठुलो लगानी आवश्यक पर्छ।

- **समन्वयको अभाव:** केन्द्र, प्रदेश तथा स्थानीय तहबिच समन्वयको कमीले मौलिक हक कार्यान्वयनमा दोहोरोपना देखा पर्न सक्छ। उदाहरणका लागि, रोजगारीको हक कार्यान्वयन गर्दा तीनै तहका सरकारले असंगठित रूपमा कार्यक्रम सञ्चालन गर्दा स्रोतको दोहन तथा दुरुपयोग हुन सक्छ।

- **कानुन अस्पष्टता:** मौलिक हक कार्यान्वयनका लागि बनेका कतिपय कानुन अस्पष्ट वा अपूर्ण छन्। जिम्मेवार संस्थाहरूको कमजोर क्षमताका कारण पनि प्रभावकारी कार्यान्वयन सम्भव भएको छैन।

- **जनचेतनाको अभाव:** धेरै नागरिक आफ्ना मौलिक हकबारे जानकार नहुँदा तिनको उपयोग गर्न सक्दैनन्। जनचेतनाको अभावकै कारण कतिपय अवस्थामा राज्यद्वारा प्रदान गरिएका सेवा-सुविधाहरू समेत जनताले उपयोग गर्न सक्दैनन्।

- **भौगोलिक विकटता:** नेपालको भौगोलिक विविधताका कारण स्वास्थ्य तथा शिक्षा जस्ता आधारभूत सेवाहरू सबै क्षेत्रमा पुर्याउन कठिन छ। विकट क्षेत्रहरूमा पूर्वाधार निर्माण तथा सेवा प्रवाह गर्न बढी लागत तथा समय लाग्छ।

**चुनौती समाधानका लागि सुझावहरू**

प्रदेश सरकारहरूले यी चुनौतीहरूको समाधान गर्न निम्न उपायहरू अवलम्बन गर्न आवश्यक छः

- प्रदेश सरकारहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।
- मौलिक हक कार्यान्वयनका लागि प्रदेशहरू बिच स्रोत साधनको न्यायोचित वितरण सुनिश्चित गर्ने।
- प्रदेश सरकारलाई मौलिक हक कार्यान्वयनमा थप अधिकार तथा जिम्मेवारी दिई उत्तरदायी बनाउने।
- प्रदेशहरूबिच अनुभव तथा सिकाइ आदानप्रदान गर्ने संयन्त्र विकास गर्ने।
- प्रदेश मानव अधिकार आयोग स्थापना तथा सशक्तीकरण गर्ने।
- स्विट्जरल्यान्डको मोडेलअनुसार मौलिक हक कार्यान्वयनका लागि छुट्टै बजेट विनियोजन गरी यसको प्रभावकारी उपयोग सुनिश्चित गर्ने।
- क्यानडाको अभ्यासअनुसार सङ्घ, प्रदेश तथा स्थानीय सरकारबिच प्रभावकारी समन्वय संयन्त्र विकास गर्ने।
- बेल्जियमको अनुभवबाट सिक्दै नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने र सुधारका लागि आवश्यक रणनीति अवलम्बन गर्ने।
- अस्ट्रेलियाको मोडेलअनुसार नागरिक समाज तथा सरोकारवालासँगको सक्रिय सहभागिता सुनिश्चित गर्ने।

## निष्कर्ष

नेपालको संविधानलाई "समाजवाद उन्मुख" उल्लेख गरिएको सन्दर्भमा यस्ता मौलिक हकको कार्यान्वयनले नेपाली समाजलाई समतामूलक बनाउने र राज्यको राजनीतिक तथा आर्थिक स्वरुपमा परिवर्तन ल्याउनेछ। नेपालको संविधानको धारा ४७ अनुसार मौलिक हक सम्बन्धी कानुनी व्यवस्था लागू भएसँगै तिनको प्रभावकारी कार्यान्वयनको चुनौती पनि थपिएको छ। त्यसैले सरकारको स्वेच्छाचारिता नियन्त्रण गर्दै जनताको स्वतन्त्रतालाई अझ बढी संस्थागत गर्न मौलिक हकको व्यवस्था भएकाले राज्यले नागरिकका सम्पूर्ण अधिकारको सम्मान गर्दै उदाहरणीय प्रजातान्त्रिक राज्यको रूपमा स्थापित हुनु आजको आवश्यकता हो।

विभिन्न सङ्घीय मुलुकहरूको अनुभवले देखाएको छ कि प्रदेश सरकारहरूले स्थानीय परिवेशअनुकूल नीति र कार्यक्रमहरू तर्जुमा गरी मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउन सक्छन्, तर यसका लागि पर्याप्त स्रोत साधन, संस्थागत क्षमता र राजनीतिक प्रतिबद्धता आवश्यक छ। नेपालले पनि अन्य सङ्घीय मुलुकहरूको अनुभवबाट सिकेर आफ्नो सन्दर्भअनुकूल मौलिक हक कार्यान्वयन रणनीति विकास गर्नुपर्छ, जसमा प्रदेश सरकारहरूको सक्रिय र प्रभावकारी सहभागिता सुनिश्चित गरिनुपर्छ। विभिन्न सङ्घीय मुलुकहरूको अनुभवले देखाएको छ कि प्रदेश सरकारहरूले स्थानीय परिवेशअनुकूल नीति र

कार्यक्रमहरू तर्जुमा गरी मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउन सक्छन्। प्रदेश सरकारहरूको स्थानीय आवश्यकता बुझ्ने क्षमता, लचिलोपन र नवीन प्रयोग गर्न सक्ने क्षमताले मौलिक हक कार्यान्वयनमा महत्त्वपूर्ण योगदान दिन सक्छ।

## सन्दर्भ सामग्री

Acharya, B. (2008). Fundamental rights in the world constitutions. Pairavi Book House.

Agrawal, H. (2008). Human rights (11th ed.). Central Publication.

Chong, C., & Daniel, P. L. (2017). Debating human rights. Viva Books.

Davis, C., & Hayson, N. (1997). Fundamental rights in the constitution: Commentary and cases. Juta and Co. Ltd.

Fuyal, H. (2075). Moulika hak karyanwayan: Samatamulak samriddhiko bato. Himal Khabarpatrika, Kartik 12, p. 4.

Joshi, S. P. (2065). Vishwako pramukh sanvidhanharu. Sukund Book Bhavan.

Kanel, D. (2080). Moulika hak ko karyanwayanma sangh, pradesh ra sthalīya tahako bhūmika. Nepalako shasan pranali: Ayam ra abhyas, Lalitpur: Nepal Prashasnik Prashikshan Pratishthan.

Kesavananda Bharati v. State of Kerala, AIR 1973 SC 1461.

Koirala, B. K. (2076). Sanghiya Nepalma tahagat sarkar bich adhikar ra karyajimmedari ko bandaphand. Creative Press Pvt. Ltd.

Shrestha, K. (1993). Fundamental rights in Nepal: Essays on constitutional law. Nepal Law Society, 15, p. 6.

Ullah, A., & Uzair, S. (2011). Basic structure of constitution: Impact of Kesavananda Bharati on constitutional status of fundamental rights. South Asian Studies: A Research Journal of South Asian Studies, 20(2), 299-309.

Bhattarai, S. K. (2078). Moulika hak: Abadharanagat paksha ra Nepalako abhyas. Moulika hak sambandhi shrot samagri: Mahanyayadhibakta ko karyalaya.

Jasmine, J. (2017). A comparative study of fundamental rights in India and Canada. International Journal of Social Science and Research (IJSR), 6, 2572-2574.

Ojha, P. K. (2050). Manav adhikar sambandhi antarrajya dastabej ra Nepal manav adhikar sangalo. Anaupcharik Seva Kendra (INSEC).

Joshi, S. P. (2065). Vishwako pramukh sanvidhanharu. Sukund Book Bhavan.

ओझा, पवनकुमार, (२०५०), मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज र नेपाल मानव अधिकार सङ्गालो. अनौपचारिक सेवा केन्द्र (इन्सेक)।

कानुनी शिक्षा सचेतना पुस्तिका, (२०७०), कानुन, न्याय तथा संविधानसभा र संसदीय मामिला मन्त्रालय।

संविधानसभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, (२०६६), विषयगत अवधारणापत्र र प्रारम्भिक मस्यौदाको प्रतिवेदन।

फुयाल, हरिप्रसाद, (२०७५), मौलिक हक कार्यान्वयनः समतामूलक समृद्धिको बाटो, हिमाल खबरपत्रिका, कात्तिक १२, पृ. ४।

भट्टराई, श्याम कुमार, (२०७८), मौलिक हकः अवधारणागत पक्ष र नेपालको अभ्यास, मौलिक हकसम्बन्धी श्रोत सामग्रीः महान्यायाधीबक्ताको कार्यालय।

जोशी, सुरेन्द्रप्रसाद, (२०६५), विश्वका प्रमुख संविधानहरू, सुकुन्द पुस्तक भवन।

ज्ञवाली, धनराज. (२०८०), मौलिक हकको कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका. नेपालको शासन प्रणालीः आयाम र अभ्यास, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान।

ज्ञवाली, डा. चन्द्रकान्त, (२०६८), नेपालको संवैधानिक कानून. पैरवि प्रकाशन।

नेपालको संविधान, (अज्ञात वर्ष), कानुन किताब व्यवस्था समिति।

राष्ट्रिय मानव अधिकार आयोगसँग सम्बन्धित संवैधानिक व्यवस्था र कानुनहरू (मौलिक हकसमेत), (२०७५), राष्ट्रिय मानव अधिकार आयोग।

मौलिक हक कार्यान्वयनमा विधायिका र कार्यपालिकाको भूमिका, (२०७६), राष्ट्रिय मानव अधिकार आयोग।

संघीय नेपालमा तहगत सरकार बिच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँड, (२०७६), क्रियटिभ प्रेस प्रा.लि.।